## सान्नी त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## मेहलमुडी, कालीकोट

# आन्तरिक लेखापरीक्षण प्रतिवेदन

## आ.व. २०८०/०८१

अंकित घिमिरे

आन्तरिक लेखापरीक्षक

सान्नी त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

सान्नी त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मेहलमुडी,कालीकोट कर्णाली प्रदेश,नेपाल २०७३

स:- २०८१/०८२ | चलानी नं:- १०५ | मितिः- २०८१/०५/०२

नेपाल संवत ११४४

श्री महालेखापरीक्षकको कार्यालय

डोरमुकाम, कालीकोट।

विषयः आन्तरिक लेखापरीक्षणको प्रतिवेदन वारे।

प्रस्तुत विषयमा यस सान्नी त्रिवेणी गाउँपालिकाको आ.व. २०८०/०८१ मा विनियोजित बजेटको वार्षिक आम्दानी, खर्च र धरौटीको आर्थिक विवरण र सो सँग सम्बन्धित पेश भएको सम्पूर्ण स्रेस्ताहरुको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको पाना संख्या ८ (आठ) को प्रतिवेदन यसै साथ् संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध छ।

अंकित घिमिरे
आन्तरिक लेखापरीक्षक

अंकित घिमिरे
आन्तरिक लेखापरीक्षक

Website:www.sannitrivenimun.gov.np Email:ito.strm@gmail.com
सम्पर्क नं:अध्यक्षः-९८६१९३२९६०,प्रमुख प्रशासकीय अधिकृतः-९८५८३२०१३६,सूचना अधिकारीः-९८४८३७७०७७,
"व्यावसायिक र सिर्जनशील प्रशासनबिकास ,समृद्धि र सुशासन"

**परिचय**

स्थानीय नेतृत्व विकास गर्दै स्थानीय शासन पद्तिलाई सुदृढ गरी स्थानीय तहमा विधायकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ९ वडा, ४८ सभा सदस्य, १३६।७२ वर्ग किलोमिटर क्षेत्रफल तथा करिब १३ हजार ४९१ जनसंख्या रहेको छ।

**आन्तरिक लेखापरीक्षण विधि**

आन्तरिक लेखापरीक्षणमा पेश भएको श्रेस्ता,लेखा परीक्षण नीति, मापदण्ड, स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षण विधि अनुसार आन्तरिक लेखापरिक्षण सम्पन्न गरियो।

**आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

- अन्तर सरकारी वित्त ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।
- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११२ अनुसार स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीका लागि आचारसंहिता बनाई लागु गर्ने व्यवस्था भएकोमा आचारसंहिता तयार गरेको छैन।
- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखाकंन र व्यवस्थापन गर्नुपर्नेमा गरेको छैन।
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरको छैन।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ मा कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टिडियस नगरेको।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र बार्षिक खरिद योजना तयार गरको छैन।
- निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ बमोजम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कायालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेवन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

अंकित घिमिरे
आन्तरिक लेखापरीक्षक

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन ।

• स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १३ बमोजम आर्थिक वर्ष शुरु हनुभन्दा १५ दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतमन दररेट तोनुपर्नेमा तोकेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता सिमिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता गरेको पाइएन ।

तसर्थ पालकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

अंकित घिमिरे
आन्तरिक लेखापरीक्षक

साञ्नी त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मेहलमुडी, कालिकोट

## आयव्ययको विवरण

आ.व २०८०/०८१

| | आयतर्फ (रुकम रु.) | | | व्ययतर्फ (रुकम रु.) | | |
|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | प्रस्तावित आय | वास्तविक आय | सि.नं | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | २८८७२०२३२.८६ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | ९७१९६३३१.८१ |
| | ख) बैंक | ३१२८९१८६ | ३१२८९१८६ | ३ | वित्तिय व्यवस्था भुक्तानी | |
| २ | राजस्व ( आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | ४११६२५६ | १०६१८०४.२ | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड (संघ) | ७२९६६८०० | ६१८८०५१९.६३ | | ग) अन्य भुक्तानी | |
| | ग) राजस्व बाँडफाँड (प्रदेश) | ८०७१४४ | ८५३४५१ | ४ | लगानी | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | | | ऋण लगानी | |
| | क) वित्तिय समानीकरण अनुदान | ८८८००००० | ८२५८४००० | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | १७७४९००२८ | १७४०४५०२८ | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | ८०००००० | ४११४३६५ | ५ | धरौटी फिर्ता | |
| | घ) विशेष अनुदान | ५०००००० | ५०००००० | ६ | जनश्रमदान फिर्ता | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | कोष फिर्ता | |
| | क) वित्तिय समानीकरण अनुदान | ९९६६००० | ९९६६००० | ८ | मौज्दात | |
| | ख) सशर्त अनुदान | २६४९३००० | २५२१६०४० | | क) बैंक मौज्दात | ८१६१५४४.३१ |
| | ग) समपुरक अनुदान | ० | ० | | ख) नगद मौज्दात | |
| | घ) विशेष अनुदान | ० | ० | ९ | शसर्त अनुदान फिर्ता | ५८१६९६३.६५ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत बर्षको बढी अल्या | |
| ६ | अन्य | | | ११ | जनश्रमदान मौज्दात | |
| | क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | प्रकोप व्यवस्थापन कोष | ४५८४३ |
| | ख) सडक बोर्ड नेपाल | | | १३ | धरौट मौज्दात | ८९९१७४ |
| | ग) पर्यटन बोर्ड नेपाल | | | १४ | विविध खर्च खाता मौज्दात | ५९४०२७.२३ |
| | घ) एन एन एस डब्लु ए | | | १५ | चेक साट्न बाकी रकम | -१६३६६७८.८० |
| ७ | विभिन्न कोषतर्फको आय | | | | | |
| ८ | सोधभर्ना भएको रकम | २२४८००० | २२४८००० | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | |
| १० | धरौटी आय | ८९९१७४ | ८९९१७४ | | | |
| ११ | प्रकोप व्यवस्थापन तर्फ | ४५८४३ | ४५८४३ | | | |
| १२ | विविध खर्च खाता मौज्दात | ५९४०२७.२३ | ५९४०२७.२३ | | | |
| | | | | | | |
| | जम्मा | ४२८७१५४५८.२३ | ३९९७९७४३८.०६ | | जम्मा | ३९९७९७४३८.०६ |

अंकित घिमिरे
आन्तरिक लेखापरीक्षक

| कोड नं. | बेरुजु शीर्षक | कानुनी व्यवस्था | बेरुजुको व्यहोरा | जम्मा बेरुजु रु |
|---|---|---|---|---|
| १०१ | आन्तरिक राजस्व | आर्थिक कार्यविधि नियमावली २०७७ नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। | पालिकाले आन्तरिक राजश्व तर्फ जम्मा रकम रू. ७३५७४६.२४।- (अक्षेरुपी: सात लाख पैतिस हजार सात सय छयालिस रूपैया चौबिस पैसा मात्र।) संकलन गरेको छ। | |
| | | | साथै सोहि ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिनसम्म ढिला गरेको भए १५ प्रतिशत र १५ दिनभन्दा बढि ढिला गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागिय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। | |
| | | | कार्यालय अन्तर्गतका ९ वटै वडाले प्राप्त गरेको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको छैन। यसरी ढिला हुने गरी राजस्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानबिन गरी जरिवाना रकम असुल उपर गर्नुपर्ने देखिन्छ। कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजस्व रकम र बैंक दाखिला गरेको विवरणमा कार्यालयले विषेश ध्यान दिनुपर्दछ। | |
| | | | | |
| २०१ | जिन्सी व्यवस्थापन | जिन्सी व्यवस्थापन प्रणाली | पालिकामा आंशिक रुपमा मात्र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को लागु भएको देखिन्छ। विगतको पालिकाको सम्पत्ति अध्यावधिक नगरेको र वडाहरुको सम्पत्ति समेत अध्यावधिक भएको देखिएन। | |
| २०२ | सवारी साधन व्यवस्थापन | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजिनक निकायमा रहेको कुनै मालसामान मर्मत संभार गर्नुपर्ने भए सोको लिखत जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनुपर्ने र लागत अनुमान स्वीकृत गरि मर्मत गराउनु पर्ने व्यवस्था छ । | यसैगरी कार्यालयले सम्पतिको समयमै मर्मत, संभार गरि प्रयोगमा ल्याउने, उक्त मर्मत संभार तथा संरक्षण खर्चलाई तुलनात्मक विश्लेषणको आधारमा विश्लेषण गर्न कुनै सम्पतिलाई मर्मत गर्नुअघि मर्मत संभार तथा संरक्षण आदेश म.ले.प. फा. नं ४१४ स्वीकृत गर्नुपर्दछ। पालिका मा पिकअप गाडी १ वटा, स्काभेटर १ वटा, एम्बुलेन्स १ वटा, मोटर साइकल ३१ वटा रहेका छन। मोटरसाइकलहरु मध्ये १५ वटा सञ्चालनमा र सोह्र वटा थन्केको अवस्थामा रहेका छन। सञ्चालनमा रहेका मोटेरसाइकलमा सरकारी नम्बर प्लेट नराखेको र नवीकरण नगरि प्रयोगमा ल्याइएको हुँदा अनिवार्य सरकारी नम्बर प्लेट र नवीकरण गर्नु पर्ने । थन्किएको मोटरसाइकल लाई खर्चको तुलनात्मक विश्लेषण गरि मर्मत वा लिलाम गर्नु पर्ने देखिन्छ। | |

संजित घिमिरे
आन्तरिक लेखापरीक्षक

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३०१ | अग्रिम आयकर | आयकर ऐन २०५८ को दफा ८७ अनुसार रकम भुक्तानी गर्दा अग्रिम आयकर कट्टी, पारिश्रमिक कर कट्टी र बहाल कर (आ.रा.का) कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ । | तर पालिकाले देहायका भुक्तानीमा अग्रिम आयकर, पारिश्रमिक र बहाल कर (आ.रा.का) कट्टी नगरेकोले निम्न उल्लेखित रकम असुल उपर गर्नु पर्ने। | | | | | | |
| | | | बजेटको स्रोत | गो भौ र मिति | कर | भुक्तानी पाउनेको नाम | कर रकम | | |
| | | | गा.पा. चालु | ९५९/२०८१-०३-२४ | बहाल कर(आराका) | प्रकाश अधिकारी | १०००० | | |
| | | | | | बहाल कर(आराका) | निभान इन्टरप्राइजेज | ५००० | | |
| | | | | १०१२/२०८१-०३-२६ | अग्रिम आयकर | भरत सार्की नेपाली | १६२३ | | |
| | | | | १०१७/२०८१-०३-२६ | अग्रिम आयकर | मनोज प्रसाद देवकोटा | ८२५ | | |
| | | | | | बहाल कर(आराका) | मनोज प्रसाद देवकोटा | १७४०० | | |
| | | | | १०१८/२०८१-०३-२६ | अग्रिम आयकर | मनोज प्रसाद देवकोटा | ४१७२ | | |
| | | | | | बहाल कर(आराका) | मनोज प्रसाद देवकोटा | ५४०० | | |
| | | | | १०१९/२०८१-०३-२६ | अग्रिम आयकर | मनोज प्रसाद देवकोटा | १५८२ | | |
| | | | | १०२२/२०८१-०३-३१ | अग्रिम आयकर | रामराज बम | १०५० | | |
| | | | संघीय हस्तान्तरित चालु | २७२-२०८१-०३-२२ | अग्रिम आयकर | नर प्रसाद जैसी | ७७३ | | |
| | | | | ३००/२०८१-०३-२४ | पारिश्रमिक कर | प्रेम सार्की | १७१०० | | |
| | | | | ३२३/२०८१-०३-३१ | अग्रिम आयकर | मोहनविर धामी | ६३०२ | | |
| | | | | | पारिश्रमिक कर | मोहनविर धामी | ११५२० | | |
| | | | जम्मा | | | | ८२७४७ | | ८२७४७ |
| | | | | | | | | | |
| ४०१ | पदाधिकारीको काम, कर्तव्य र अधिकार | स्थानीय सरकार संचालन ऐनको दफा १६ (क) मा अध्यक्ष, (ख) मा उपाध्यक्ष र (ग) मा वडाअध्यक्षको काम, कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था रहेको छ।पालिकाका पदाधिकारीले भुक्तानी लिने र आर्थिक कारोबारमा संलग्न हुन पाउने कुनै अधिकार स्थानीय सरकार संचालन ऐनले दिएको छैन्। | तर पालिकामा पदाधिकारीले बिल भरपाईको भुक्तानी लिने, कार्यक्रम संचालन गर्ने, पेश्की लिने, खरिद प्रक्रियामा संलग्न हुने तथा अत्याधिक रुपमा बारम्वार आर्थिक क्रियाकलापमा संलग्न हुने प्रवृत्ति देखिन्छ। यसरी कानुन विपरित पदाधिकारीले आर्थिक कारोबारमा संलग्न हुनु नियमसम्मत देखिएन। | | | | | | |
| ४०२ | पदाधिकारी/कर्मचारी भ्रमण खर्च | कर्णाली प्रदेश स्थानीय तह पदाधिकारी तथा सदस्यहरुले पाउँने सेवा सुविधा ऐन २०७७ को दफा ३ को अनुसुची २ को द्रष्टव्यको (३) मा सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र दैनिक भ्रमण पाउने उल्लेख छ । | त्यस्तै भ्रमण खर्च नियमावली २०६४ दफा ७(१) सरकारी कामको सिलिसलामा मुलुक भित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसुची २ बमोजिमको दरमा दैनिक भत्ता पाएने व्यवस्था रहेको छ । तर पालिकाले पदाधिकारीहरुलाई जिल्लाभित्र सुविधाको रुपमा दैनिक भत्ता वापत भुक्तानी गरेको देखिएकोले नियम सम्बत मान्न सकिएन। | | | | | | |

अनिता घिमिरे
आन्तरिक लेखापरीक्षक

| | | | | |
|---|---|---|---|---|
| ५०१ | शीर्षक फरक पारि खर्च: | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३८(२) अनुसार अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको कुरा यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। | तर कार्यालयले गा.पा चालु गो. भौ./मिति ९५९/२०८१-०३-२४ मा सवारी साधन मर्मत खर्च शीर्षकबाट सवारी साधन भाडा वापत प्रकाश अधिकारीलाई रु. १००००० र निभान इन्टरप्राइजेजलाई रु. ५०००० फरक कार्यक्रममा विनियोजन भएको बजेटबाट फरक शीर्षकमा खर्च गरेको पाइयो। शीर्षक फरक पारी सम्पूर्ण बजेट खर्च गर्ने प्रवृति नियमसम्मत देखिएन। | |
| | | | | |
| ६०१ | अन्य संघ सहायता तथा आर्थिक सहायता | आन्तरिक आम्दानी को २ प्रतिशत भन्दा बढी आर्थिक सहायता दिन नमिल्ने प्रावधान रहेको छ।पालिकाले आर्थिक सहायता कार्यविधी ,२०७९ बनाई लागु गरेको छ। | पालिको आर्थिक सहायता कार्यविधी ,२०७९ बमोजिम रु ४,२४,००० रकम आर्थिक सहायतामा खर्च गरिएको देखियो। | |
| | | | | |
| ७०१ | बिल भरपाई नभएको | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) बमोजिम सरकारी खर्च लेख्दा पृष्टी हुने बिल भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ को (१०) जिम्मेवार व्यक्तिले सरकारी रकममको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न आवश्यक कागजात संलग्न भए नभएको तथा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्दछ । | गा.पा. चालु गो भौ/मितिः ९२/२०८०-०७-२२ बाट विविध शीर्षकबाट रामराज बमलाई रकम रु. १००००० भुक्तानी दिइएको देखिन्छ। खर्च बिल पुष्टि गर्ने आवश्यक कागजात र प्रमाण पेश गर्नुपर्ने। | |
| | | | गा.पा. चालु गो भौ/मितिः १७६/२०८०-०९-०१ बाट विविध शीर्षकबाट वैकुण्ठराज गिरीलाई रकम रु. ४१००० भुक्तानी दिइएको देखिन्छ। खर्च बिल पुष्टि गर्ने आवश्यक कागजात र प्रमाण पेश गर्नुपर्ने। | |
| | | | गा.पा. चालु गो भौ/मितिः ३६८/२०८०-१२-०७ बाट साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडलाई रकम रु. १६४५०० भुक्तानी दिइएको देखिन्छ। बिल भरपाई र खर्च पुष्टि गर्ने आवश्यक कागजात र प्रमाण पेश गर्नुपर्ने। | |
| | | | गा.पा. चालु गो भौ/मितिः ८३५/२०८१-०३-१८ बाट खेलकुद सम्बन्धि विभिन्न कार्यक्रम शीर्षकबाट चन्द्र सुर्य प्रा. ली. लाई रकम रु. ९८७८९ भुक्तानी दिइएको देखिन्छ। खर्च बिल पुष्टि गर्ने आवश्यक कागजात र प्रमाण पेश गर्नुपर्ने। | |
| | | | गा.पा. शिक्षा शाखा गो भौ/मितिः २३/२०८१-०२-११ बाट पालिकाको वार्षिक शैक्षिक क्यालेण्डर प्रकाशन शीर्षकबाट श्री लोकमन्च प्रिन्टर्स प्रा. ली. लाई रकम रु. ९४६८८ भुक्तानी दिइएको देखिन्छ।शैक्षिक क्यालेण्डर वितरण भरपाईका आवश्यक कागजात र प्रमाण पेश गर्नुपर्ने। | |
| | | | गा.पा. शिक्षा शाखा गो भौ/मितिः २७/२०८१-०२-११ बाट वार्षिक परीक्षा संचालनको लागि व्यवस्थापन शीर्षकबाट मुल उत्तरपुस्तिका र प्रश्नपत्र छपाई गरी रकम भुक्तानी दिइएको देखिन्छ।उक्त मुल उत्तरपुस्तिका र प्रश्नपत्र वितरणको विधालयको मागफारम र भरपाई पेश गर्नुपर्ने। | |
| | | | प्रदेश हस्तान्तरित चालुः गो भौ/मितिः ३५/२०८१-०३-२४ बाट सहकारी मार्फत पशुपन्छी उपज बजारीकरण सहयोग कार्यक्रम अन्तर्गत शिवकालिका महिला कृषी सहकारीलाई दिइएको भुक्तानी मध्ये कृषकले प्राप्त गर्ने अनुदान वापतको रकम रु. ११५७९४/- को नगदी भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने। | |

अंकित घिमिरे
आन्तरिक लेखापरीक्षक

| | | | | |
|---|---|---|---|---|
| | | | संघीय हस्तान्तरित चालुः गो भौ/मितिः ४७/२०८०-०९-०२ बाट गर्भवति उत्प्रेरणा वापत दिइने न्यानो झोला ३०० थान खरिद गरी भुक्तानी दिइएको देखिन्छ।उक्त न्यानो झोला वितरणको भरपाई पेश गर्नुपर्ने। | |
| | | | संघीय हस्तान्तरित चालुः गो भौ/मितिः ७८/२०८०-११-२० बाट तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान शीर्षक बाट १०० दिन बराबरको रकम रु. ४८,९६,०००।- र गो भौ/मितिः २०३/२०८१-०३-१५ बाट ८० दिन बराबरको रकम रु. ५०,९७,२००।- गरी जम्मा रकम रू. ९९,९३,२००।- भुक्तानी दिइएको देखिन्छ। उक्त दिवा खाजा वापतको भरपाई पेश गर्नुपर्ने। | |
| | | | संघीय हस्तान्तरित चालुः गो भौ/मितिः २०५/२०८१-०३-१५ बाट शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम शीर्षक बाट कर्णाली सामुदायिक सिकाई केन्द्रलाई रकम रू. ३०००००।- र त्रिवेणी सामुदायिक सिकाई केन्द्रलाई रकम रू. ३०००००।- भुक्तानी दिइएको देखिन्छ।उक्त अनुदान वापतको विल भरपाई र आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने। | |
| | | | संघीय हस्तान्तरित चालुः गो भौ/मितिः २२२/२०८१-०३-१७ बाट CBIMNCI कार्यक्रम शीर्षक बाट सुदर्शन बमलाई दिइएको पेश्की रकम रु. २५०००० फछ्यौटमा रकम रू.१०४००।- को बिलमा केरमेट तथा टिपेक्स लगाइएको हुँदा सक्कल बिल पेश गर्नुपर्ने र भ्रमण भत्ता बापत बुझाएको रकम रू ८५०२०।- को भरपाई पेश गर्नुपर्ने । | |
| | | | | |
| ८०१ | रितपुर्वकको कर बिजकः | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। | तर गाउँपालिकाले रितपर्वकको कर विजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यवसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ। | |

| बजेट स्रोत | गो भौ र मिति | कर बिजकको अवस्था | भुक्तानी पाउनेको नाम | मु.अ.कर रकम |
|---|---|---|---|---|
| गा.पा. पूँजीगत | १४६/२०१-०३-२४ | प्रिन्टेट बिजक | सान्नी त्रिवेणी निर्माण सेवा | ३३६२७.२२ |
| गा.पा. चालु | ३५८/२०८०-१२-०६ | फोटोकपी बिजक | इगल आई टि सर्भिस प्राली | ७८५१.७६ |
| | | | | |

अंकित घिमिरे
आन्तरिक लेखापरीक्षक

| | | | | |
|---|---|---|---|---|
| ९०१ | कन्टिन्जेन्सी खर्च अभिलेख | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेश गर्न सकिने व्यवस्था गरेको छ। | कार्यालयबाट योजना कार्यान्वन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएता पनि सोको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन। नियमावलीमा व्यवस्था भए बमोजिम योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गर्नु पर्दछ। | |
| | | | | |
| ९०२ | प्राविधिक बिल र कार्य सम्पन्नः | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायको रनिङ बिल वा अन्य कुनै बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। | उपभोक्ता समितिहरुबाट सन्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मुल्यांकनमा बराबर परिणाम र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मुल्यांकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन्।प्राविधिकले पेश गर्ने कार्यसम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नुपर्ने मिति र कार्यसम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ् नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन। यसले गर्दा कुनै काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए नभएको एकिन हुन नसकिएको हुँदा प्राबिधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नामजाँचलाई वास्तविक कार्यसम्पादनमा आधार बनाउनुपर्दछ। | |
| | | | | |
| ९०३ | हेभि इक्युप्मेन्टको प्रयोगः | सार्वजनिक खरीद नियमावली, २०६४ को उपनियम ९ मा उपभोक्ता समितिबाट सन्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर जस्ता हेभि इक्युप्मेन्ट प्रयोग गर्न नहुने व्यवस्था छ। | उपभोक्ता समितिले निर्माण गरिएका सडकहरु खन्ने कामको बिल पेश गर्दा निर्माण व्यवसायीबाट एक्साभेटर तथा डोजर भाडामा लिएको देखाई मूल्य अभिवृद्धि कर बिजक पेश गर्ने गरेको र कार्यालयले बिल भुक्तानी गरेको पाइयो। कानून अनुसार उपभोक्ताको कार्यमा निर्माण व्यवसायीलाई संलग्न गर्न नमिल्नेमा उपभोक्ता समितिले सबै कार्यमा एक्साभेटरको प्रयोग देखाई निर्माण व्यवसायीको बिल पेश भुक्तानी लिएको कानून सम्मत देखिदैन। | |
| | | | जम्मा बेरुजु | ८२७४७ |

अंकित घिमिरे
आन्तरिक लेखापरीक्षक